अर्नमा गाउँपालिका

ARNAMA RURAL MUNICIPALITY

# गाउँ कार्यपालिकाको कार्यालय

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

अर्नमा, सिरहा (ARNAMA, SIRAHA)

मधेश प्रदेश, नेपाल (MADHESH PROVINCE, NEPAL)

http://anarmamun.gov.np
ito.arnamamun@gmail.com
9852834880 & 9852858045

प.सं.(Letter No.) :-२०८२/०८३ मिति(Date):-२०८३/०२/२२

## सार्वजनिक जग्गा छुट्याउन तथा अतिक्रमण गरी निर्माण गरिएका भौतिक संरचनाहरू हटाउने सम्बन्धी सूचना

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०८२/०८३ च.न. ४१२ मिति २०८३/०१/१७ गतेको प्राप्त पत्रानुसार सरकारी तथा सार्वजनिक जग्गा संरक्षण गर्ने/गराउने सम्बन्धमा निर्देशन भएको हुँदा उक्त निर्देशन बमोजिम यस अर्नमा गाउँपालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक, ऐलानी, पर्ती, बाटो, गौचर, कुलो, पोखरी लगायतका सार्वजनिक उपयोगका जग्गाहरूको संरक्षण, अभिलेखीकरण तथा अतिक्रमण नियन्त्रण गर्ने उद्देश्यले सार्वजनिक जग्गा छुट्याउने तथा पहिचान गर्ने कार्य सञ्चालन भइरहेको व्यहोरा सम्पूर्ण सरोकारवाला महानुभावहरूमा जानकारी गराइन्छ।

उक्त कार्यमा गाउँपालिकाबाट खटिएको प्राविधिक टोली, जनप्रतिनिधि तथा सम्बन्धित निकायलाई आवश्यक सहयोग गरिदिनु हुन अनुरोध गरिन्छ। साथै सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका भौतिक संरचनाहरू (घर/टहरा) यो सूचना प्रकाशन भएको मितिले ३५ (पैंतिस) दिनभित्र नहटाएमा प्रचलित कानून बमोजिम संरचना हटाउन लाग्ने खर्च समेत सम्बन्धित संरचना बनाउने/भोगचलन गर्न धनीबाट असुल उपर गरीने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ।

साथै सार्वजनिक जग्गाभित्र रहेका कुनै पनि रुख, बिरुवा तथा बोटबिरुवाका काटछाँट, नोक्सानी वा हटाउने कार्य गरेको पाइएमा सम्बन्धित व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही गरिने व्यहोरा समेत सबैमा जानकारी गराइन्छ।

तसर्थ, गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाको यथार्थ विवरण उपलब्ध गराई सहयोग गरिदिनु हुन तथा सार्वजनिक सम्पत्तिको संरक्षणमा सबै पक्षबाट सहयोग पुऱ्याइदिनु हुन सम्पूर्ण वडा कार्यालय, संघसंस्था, राजनीतिक दल, बुद्धिजीवी, समाजसेवी तथा आम नागरिकहरूमा हार्दिक अनुरोध गरिन्छ।

अशोक कुमार यादव
गा.पा. अध्यक्ष



CamScanner